# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## 2026 आर्थिक वर्षको लागि सुइता सिटी स्कूल सकिएपछिको बाल हेरचाह केन्द्रको लागि आवेदन दिने सम्बन्धमा

### 2026 年度吹田市留守家庭児童育成室の申し込みについて

प्राथमिक विद्यालयको 1 देखि 4 कक्षाका बच्चाहरू जसका अभिभावकहरू काममा छन् र जसले आवश्यकताको शर्त पूरा गर्छन्, उनीहरूले बाल हेरचाह केन्द्र प्रयोग गर्न सक्छन्।

■उमेर उपलब्ध

प्राथमिक विद्यालयको 1देखि 4 कक्षाका बालबालिका

■उपलब्ध दिनहरू

साताको दिनमा विद्यालय सकिएपछि, महिनाको चौथो शनिबार, र लामो बिदा (गर्मी बिदा, जाडो बिदा, वसन्त बिदा)

■उपलब्ध समय

हप्ताको दिनमा विद्यालय सकिएपछि 17 : 00(5:00) बजे सम्म, महिनाको चौथो शनिबार र लामो बिदाहरूमा 8:30 बजे देखि 17 : 00(5:00) बजे सम्म खुल्छ। (केही नर्सरी कोठाहरू 8:00बजे देखि खुल्छन्।)

विस्तारित बाल हेरचाह हप्ताको दिन र लामो बिदाहरूमा 18:30 सम्म उपलब्ध छ। (केही नर्सरी कोठाहरू 19:00(7:00) बजे सम्म प्रयोग गर्न सकिन्छ।

■प्रयोग शुल्क 6000 येन।छुट्टै,तोकिएको समय भन्दा बढी  प्रयोग शुल्क र खाजा शुल्क आवश्यक छ।

■आवेदन

・यदि तपाइँ 2026अप्रिल 1देखि सेवा प्रयोग गर्न चाहनुहुन्छ भने, तपाइँले 2025सेप्टेम्बर 26(शुक्रबार) देखी 2024 नोभेम्बर 30( आइतबार)बीचमा कृपया तलको इलेक्ट्रोनिक आवेदन फारम प्रयोग गरी आवेदन दिनुहोस्।

URL :

https://www.city.suita.osaka.jp/kosodate/1018281/1018276/1034580/1035677/1035681.html

※यदि क्षमता नाघेको छ भने, छनोट  गरिनेछ र उपलब्ध नहुन सक्छ।

उपलब्ध छ वा छैन भनी तपाइँलाई 2026 फेब्रुअरीको मध्य देखि मार्चको सुरुमा मेल मार्फत सूचित गरिनेछ।

■होमपेज

https://www.city.suita.osaka.jp/kosodate/1018281/1018276/1034580/index.html

■ इन्चार्ज विभाग

क्षेत्रीय शिक्षा विभाग (Chiiki Kyoikubu)   विद्यालय  सकिएपछि बाल विकास कार्यालय (Hokago Kodomo Ikuseishitsu)

टेलिफोन : 06-6384-1599

यदि तपाइँसँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।